'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ अंक : ११० सोमवार ०१ पुष, २०८१ 16 (Monday) December 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### अन्यौल र अनिश्चयका बिच मिति तय
## दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी चैत २३ देखि ३० गते सम्म हुने

■ नमस्ते समचारदाता
सुर्खेत, मंसिर/३०



दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको नयाँ मिति तोकिएको छ । केही समय अन्योलमा रहेका प्रतियोगिता लक्षित कार्यक्रम पुनः चलायमान हुन थालेका छन् । दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी चैत २३ देखि ३० गतेसम्म कर्णाली प्रदेशमा हुने भएको हो । राष्ट्रिय खेलकुद परिषद् राखेपका अध्यक्ष एवम् युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीको अध्यक्षतामा बसेको एक सय १८औँ बोर्ड बैठकले प्रतियोगिताको नयाँ मिति घोषणा गरेको हो । यसअघि राखेपले दशौँ राष्ट्रिय खेलकुद गत मङ्सिर २ देखि ९ गतेसम्म गर्ने निर्णय गरेको थियो । राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालनका लागि खेलपूर्वाधार निर्माणका कामहरु अन्तिम चरणमा पुगेका छन् । जिल्ला-जिल्लामा खेल पूर्वाधार निर्माण भइसकेका छन् । अहिले खेलाडी छनोटको काम धमाधम भइरहेको कर्णाली खेलकुद विकास परिषद्ले जनाएको छ । हालसम्म ६ वटा खेलका लागि खेलाडी छनोट गरिएको परिषद्का सदस्य सचिव विश्वामित्र सञ्ज्यालले बताए । सञ्ज्यालका अनुसार हाल फुटबल र भलिबलका खेलाडी छनोटको काम धमाधम भइरहेको छ । समय पर्याप्त रहेकाले खेलाडी छनोट र पूर्वतयारीका खेल सञ्चालनमा जोड दिएको सञ्ज्यालको भनाइ छ । २४ खेल खेलाउन सकिने गरी पूर्वाधार निर्माण गरिएको र सोही अनुसार तयारीका खेल खेलाइनेछ । केही खेल सुर्खेतमा खेलाइनेछ भने केही खेल जिल्ला-जिल्लामा खेलाइनेछ । प्रतियोगिताकै लागि केही पूर्वाधार निर्माण भइसकेका छन् । कुन जिल्लामा के-के पूर्वतयारीका खेल खेलाउने भन्ने विषयमा छलफल गरेर निश्चित भएपश्चात खेल खेलाइने परिषद्ले जनाएको छ । जिल्ला-जिल्लामा निर्माण गरिएका खेलपूर्वाधार अनुसारकै खेल खेलाइनेछ । जिल्लाहरूमा पूर्वाधार निर्माणका काम करिब करिब सकिएका छन् । प्रदेश रङ्गशाला निर्माणको काम करिब सकिएको छ । प्रदेश गौरवको आयोजना अन्तर्गत वीरेन्द्रनगरमा रङ्गशाला निर्माणको ९९ प्रतिशत भौतिक प्रगति हासिल भएको छ । अब एक प्रतिशत काम मात्र बाँकी छ । परिषद्का सदस्य सचिव सञ्ज्यालका अनुसार हालसम्म ९९ प्रतिशत भौतिक प्रगति हासिल भएको छ भने ९० प्रतिशत नै वित्तीय प्रगति हासिल भएको छ । हालसम्म एक अर्ब ५० करोड बजेट कार्यान्वयन भएको छ । २०७८ कात्तिक २८ गते प्रदेश रङ्गशाला निर्माणको ठेक्का सम्झौता गरिएको थियो । एमएसी-जीएसएल कम्पनीले एक अर्ब ५९ करोड ४७ लाख ४७ हजार ६ सय रूपियाँमा निर्माणको जिम्मेवारी पाएको हो । अत्याधुनिक तरिकाले काम अघि बढाइएको रङ्गशालाको पहिलो चरणमा डिजाइन, फिल्ड निर्माण लगायत काम भएका थिए । ती काम ६ महिनाको अवधिमै सकिएको थियो । दश हजार दर्शक अट्ने क्षमताको बनाउने गरी रङ्गशाला निर्माणको काम गरिएको खेलकुद परिषद्ले जनाएको छ । दशौँ राष्ट्रिय खेलकुदलाई लक्षित गरेर कालिञ्चोक क्रिकेट मैदान निर्माण गरिएको छ ।

*बाँकी ३ पेजमा...*

## किसानले धेरै मिहिनेत गरेर उत्पादन गरेको महको बजारीकरणमा समस्या

■ नमस्ते समचारदाता
प्यूठान, मंसिर/३०



वर्षेनी धेरै मिहिनेत गरेर मह उत्पादन गरी त्यही मह बेचेर राम्रो कमाइ गर्ने प्यूठानको सरुमारानी गाउँपालिका-४ मान्द्रेका हुमबहादुर थापाको घर मा अघिल्लो वर्षकै २५ क्वीन्टल मह थन्किएको छ । तर बेच्न सक्नुभएको छैन । थापाले गत वर्षको उत्पादन नै घरमा स्टग रहेकाले यो वर्ष उत्पादित महले पनि बजार नपाउने त होला भन्ने चिन्ता थपिएको बताए । थापाले भने, 'गत वर्षको मह अहिलेसम्म बिक्री भएको छैन । के गर्नु उत्पादन भएको मह समयमा बिक्दैन । घरमा राख्नुपरेको छ । स्थानीय सरकारले केही गरिदिदैन ।' पछिल्लो दुई वर्षदेखि उत्पादित महको बिक्रीमा समस्या देखिएको उनको भनाइ छ । थापा मलेसियाबाट फर्किएर २०७० सालदेखि गाउँमै व्यावसायिक रुपमा मौरीपालन गरिरहेका छन् र उनी सँग हाल एक सय आधुनिक घार मौरी छन् । यी घारबाट वर्षमा करीब ५० देखि ५५ क्वीन्टलसम्म मह उत्पादन हुन्छ । मौरिपालक किसान महासंघ प्युठानका अध्यक्ष समेत रहेका थापाले भने, 'मह उत्पादन राम्रो छ । तर बिक्रीका लागि बजार छैन ।' भारतबाट सस्तो मुल्यमा आउने महले गर्दा जिल्लामा उत्पादन भएको महले बजार पाउन नसकेको उनले गुनासो गरे । थापा जस्तै सरुमारानी-४ बयाडाका टीकाराम पल्लीले २३ वर्षदेखि व्यावसायिक रूपमा मौरीपालन गर्दै आएका छन् । अहिलेसम्म उनले मह बिकेन भन्नुपरेको थिएन । तर, गत वर्षदेखि उनलाई मह बेच्न सकस परिरहेको छ । २०५८ सालदेखि मौरी पाल्दै आएका उनले भने, 'पहिलो पटक यस्तो समस्या आएको छ । मेरो घरमा झण्डै १० क्वीण्टल मह जम्मा भएर बसेको छ । बिक्री हुँदैन ।' बजारमा महको माग घटेपछि आफूले १ सय गोलाबाट घटाएर ६५ गोलामा मौरी झारेको पल्लिले बताए । स्थानीय ऐरावती बहुउद्देश्यीय साना किसान सहकारीले सदस्य किसानबाट खरिद गरेको कच्चा महलाई मेसिनमार्फत प्रशोधन गर्ने गरेको छ । प्रशोधित महलाई प्याकेजिङ, लेबलिङ गरी बिक्रीका लागि बजार पठाउने गरेको सहकारीका ब्यबस्थापक रेवत प्रसाद खनालले जानकारी दिए । यो वर्ष १५ टन मह गोदाममा थन्काएर राख्नुपरेको ब्यबस्थापक खनालले बताउछन् । उत्पादन राम्रो भए पनि मह बिक्री नहुँदा जिल्लाका किसान निराश छन् । ऐरावती गाउँपालिका, सरुमारानी गाउँपालिका, प्युठान नगरपालिका, स्वर्गद्वारी नगरपालिका लगायतका स्थानीय तह मौरीपालनका लागि उपयुक्त रहेका छन् । त्यसबाहेकका अरू ठाउँमा पनि मौरीपालन गर्ने गरिएको छ । महको प्रकार अनुसार यसको मूल्य पनि फरक पर्छ । बजारमा तोरीको महलाई प्रतिकिलो ४ सय, रुदिलोको महलाई ६ सय र चिउरीको महलाई सात सय रुपियाँ प्रतिकिलो पर्छ । जिल्लाभर ११ हजार ७ सय ९६ मौरीका घार रहेका छन् । किसानले सेरेना र मेलिफेरा जातका मौरीपालन गर्दै आएका छन् । नेपाल मौरीपालक महासंघका अध्यक्ष थापाका अनुसार जिल्लामा हाल ३५ हजार किलो मह बिक्री नभएर थन्किएको तथ्याङ्क छ ।

## कोहलपुरमा साहित्यिक विकासका लागि "सङ्घर्ष संगाती" कार्यक्रम सुरु

■ नमस्ते समचारदाता
कोहलपुर, मंसिर/३०




पश्चिम नेपालमै साहित्यको विकासका लागि क्रियाशील संस्था हाम्रो पूर्णिमा साहित्य प्रतिष्ठानले यस क्षेत्रको साहित्यलाई थप अगाडि बढाउन "सङ्घर्ष संगाती" कार्यक्रम सुरु गरेको छ । साहित्यको क्षेत्रमा विशेष परिचय बनाएका साहित्यकारहरुको वैयक्तिक सम्बन्ध, साहित्यिक यात्रा, उनीहरुको शैक्षिक तथा सामाजिक अवस्था, समाजमा साहित्यिक गतिविधिले पारेको सकारात्मक प्रभाव आदि क्षेत्रका सँगसँगै योगदान र सङ्घर्षबारे अन्तरङ्ग संवाद गर्न "सङ्घर्ष संगाती" कार्यक्रम सुरु गरिएको हाम्रो पूर्णिमा साहित्य प्रतिष्ठान कोहलपुरका अध्यक्ष पुष्कर रिजालले जानकारी गराए । रिजालले सङ्घर्षबाट सफलताको बाटोमा लम्केका साहित्यिक व्यक्तित्वहरूका अनुभवहरु समाजमा अन्य व्यक्तिहरुका लागि पनि प्रेरणा बनुन् भन्ने उद्देश्यले यस्तो कार्यक्रम पहिलो पटक सुरु गरिएको बताए । "सङ्घर्ष संगाती" कार्यक्रमको पहिलो कार्यक्रममा कोहलपुरमा रहेर विगत लामो समयदेखि साहित्यको क्षेत्रमा सक्रिय रहँदै आएका महानन्द ढकाल र ढकालकी श्रीमती सुमित्रा न्यौपानेको अन्तरङ्ग संवाद प्रस्तुत गरिएको थियो । ढकाल शिक्षण पेशामा रहेका छन् भने हाल नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य समेत छन् भने साहित्यकार न्यौपाने कोहलपुर वाङ्मय प्रतिष्ठानकी अध्यक्षसँगै जनज्योती मावि चपरगौडीकी प्रधानाध्यापकको जिम्मेवारीमा रही शिक्षण पेशामा सक्रिय छिन् । कार्यक्रममा उनीहरु दुबैले आफ्नो बाल्यकाल, किशोर अवस्था, विवाह, साहित्य यात्रा र जीवनशैलीका साथै शिक्षण अनुभवलाई खुलरै सुनाएका थिए । कार्यक्रममा सहभागी साहित्यकारको सो जोडीले विभिन्न स्तरीय साहित्यिक कृति प्रकाशन गरेका छन् । सो कार्यक्रममा बाँकेका ६ दर्जनभन्दा बढी साहित्यिक तथा शिक्षा क्षेत्रका व्यक्तिहरूको उपस्थिति थियो । कार्यक्रम निकै नौलो र रोचक रहेको जनाउँदै यस्ता कार्यक्रमबाट भर्खरै साहित्य क्षेत्रमा पाइला टेकेका समेतलाई पनि धेरै कुरा सिक्ने अवसर मिल्ने सहभागी साहित्यकार केशव निमेषले बताए । उनले कोहलपुर मा पश्चिम नेपालमै सबैभन्दा बढी साहित्यिक गतिविधि र कार्यक्रम हुने गरेको जानकारी समेत गराए ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय


## आफूले गरे विद्रोह अरुले गरे अराजक

नेपालमा रहेका राजनीतिक दल र उनीहरुका मातृ वा पेशागत संगठनहरुमा समेत नराम्रो प्रवृत्ति र मनोविज्ञान हाबी छ । राजनीतिक दलहरुमा जे जस्तो प्रवृत्ति र राजनीतिक संस्कार कायम छ त्यही प्रवृत्ति र राजनीतिक संस्कार उनीहरुका जनसंगठन तथा पेशागत संगठनमा सरेको देखिन्छ। लामो समय आफ्नो दलमा रहेर धेरै योगदान गरेका इमान्दार नेता कार्यकर्ताहरु जब दल भित्र कुनै विषयमा चित्त बुझ्केन र त्यसको बारेमा दल भित्र आलोचना गर्न थाल्यो वा असहमत हुन थाल्यो भने उसले त्यहाँ विद्रोह गर्दछ। उसले गरेको त्यो कार्य ऊ आफूको लागि विद्रोह लाग्छ । तर उसको त्यही कार्य दलमा रहेका अन्यको लागि अराजक प्रवृत्ति वा अराजक गतिविधि लाग्दछ। यहाँ असल विचार र अनुशासित प्रवृत्तिको कसैले मुल्याङ्कन गर्दैन। आजका राजनीतिक दलहरुमा असल विचार सहितको निष्ठावान कार्यकर्ता, उसको इमानदारीता र क्षमताको मुल्याङ्कन हुँदैन। यहाँ त नेताहरुको चाकरी गर्ने झोलेहरुले मात्र अवसर पाउने, उनीहरुले गरेका सबै काम नेतालाई राम्रो लाग्ने र नेताहरुले त्यस्तै अन्धभक्त कार्यकर्ताहरुलाई बोकेर हिड्ने नेताको प्रवृत्तिले दलका नेताहरु वा आफ्नो संगठनमा असहमत भएर विद्रोह गऱ्यो भने त्यो अराजक हुने वा त्यस्लाई अराजक भन्ने सोचले गर्दा नेपालका सबै राजनीतिक दलहरु विघटनको अवस्थामा पुग्ने छन्। दलका नेतालाई दल भित्र तर्क वितर्क गर्ने नेता कार्यकर्ताहरु होइन कि दाल मानसिक भएका कार्यकर्ताहरु मात्र बनाइरहेका छन्। यही प्रवृत्ति हालै सम्पन्न भएको पत्रकार महासंघको निर्वाचनमा देखियो । महासंघ आफै पनि विस्तारै वौद्धिक मानिसहरुको जमात होइन, अराजक र छाडा प्रवृत्ति अंगालेका मठाधिस जस्तै हुँदै गैरहेका छन्। काँग्रेस एमालेका पत्रकार संगठनहरु सधै प्रतिस्पर्धी हुने गर्दथ्ये । तर यति बेला राजनीतिक सत्तामा काँग्रेस एमाले गठबन्धन भए पछि यी सधैका प्रतिस्पर्धी समेत गठबन्धन गरेर चुनाव लडे । उनीहरुको त्यो प्रवृत्ति विरुद्ध विद्रोह गर्नेहरु उनीहरुको नजरमा अराजक ठहरिए । धन्य हो तिम्रो मानसिकता।

## किन रोज्छन् छोरा ! आमाहरु



वीणा सिन्हा



धेरैजसो दम्पती दुई सन्तान जन्माउन चाहन्छन्, एउटा छोरी र अर्को छोरा । धेरै मानिस पहिलो छोरा भएपछि दोस्रो सन्तान छोरी होस् भन्ने चाहन्छन्। तर, त्योभन्दा पनि मार्मिक छ ती जोडीहरूको कथा जसको पहिलो सन्तान छोरी हुन्छ । जहाँसम्म दुई सन्तान छन्, उनीहरूले उनीहरूलाई छोराको रूपमा स्वीकार गर्छन् । तर, सन्तान भएर दुई छोरी मात्र ? यो स्वीकार गर्न धेरै गाह्रो छ। सन्तानलाई भगवान्ले दिएको उपहार मान्ने दम्पती विरलै मात्र भेटिन्छन् । आज पनि छोरा जन्माउने चाहनाका कारण महिलाले गर्भपतनपछि अनिवार्य लिंग परीक्षण गराउनुपर्ने हुन्छ। श्रीमतीले गर्भधारण गर्दा सुरुमा आर्थिक अवस्था राम्रो नभएका कारण जनकपुरका रमेश सन्तान जन्माउन तयार थिएनन्। उनले श्रीमती रमितालाई गर्भपतन गराउन दबाब दिन थाले। तर, पहिलोपटक गर्भवती भएकी नमिताले गर्भपतन गर्न अस्वीकार गरेपछि निकै विवाद भयो। महिनौंसम्म बातचितसमेत हुन सकेन। अन्ततः पतिले लिंग परीक्षण गराउनुपर्छ भन्ने सर्तमा बच्चालाई राख्न राजी भए र छोरा भए तिमी र तिम्रो बच्चालाई मात्रै राख्छु, नत्र सम्बन्धविच्छेद गर्छु भनेपछि श्रीमतीले त्यस्तो कुरा मान्न बाध्य भइन् । त्यस्तै, पतिको इच्छा पूरा गर्न अधिकांश महिलालाई गर्भावस्थामा भ्रूणको लिंग निर्धारण गर्न अल्ट्रासाउन्ड गराउनुपर्ने बाध्यता छ। ४२ वर्षको उमेरमा मञ्जु चौथोपटक गर्भवती भइन्। तिनका तीन छोरी थिए । जेठी छोरी एसएलसी उत्तीर्ण भइन् र कान्छी छोरी पनि ११ वर्षकी भइन्। गर्भावस्था परीक्षण र अल्ट्रासाउन्ड (भिडियो एक्स-रे) पछि, उनीहरूलाई छोरा भएको बताइएको थियो। त्यसैले छोरा जन्मेको खबरले उनी निकै उत्साहित छिन्। पूरै गर्भावस्थामा तपाईंको गर्भलाई धेरै सावधानीपूर्वक ख्याल गर्नुहोस् । यद्यपि गर्भावस्थामा सावधानी अपनाउनु राम्रो कुरा हो, तर तीन छोरीपछि चौथो गर्भमा हुर्केको छोरालाई आफ्नोभन्दा पनि उनको सतर्कता बढी थियो । तर, उनको सन्तान पनि छोरी नै भएकाले प्रसवपछि उनको खुशी दुःखमा परिणत भयो । छोरीलाई देखेर पूरै अस्पताल उनको चित्कारले गुन्जिरहेको थियो । सन् २०५९ मा 'मेरो शरीर, मेरो अधिकार' ग्रहण गरी गर्भपतनलाई कानुनी मान्यता दिएको थियो । स्वास्थ्यमा प्रतिकूल असर नपरोस् भन्ने उद्देश्यले 'सुरक्षित गर्भपतन' 'सेवा'लाई मौलिक अधिकारको रूपमा स्वीकार गरिएको छ। आर्थिक अभावका कारण सुरक्षित गर्भपतन सेवाको पहुँचबाट कोही पनि वञ्चित छैनन्। यसबाट बच्न सरकारले २०७३ देखि स्वास्थ्य केन्द्र र अस्पतालमा यो सेवा निःशुल्क उपलब्ध गराउँदै आएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको औसत प्रजनन दर (कुल प्रजनन दर) २.०३ मा सीमित छ। बढ्दो जनसंख्याका कारण उत्पन्न हुने स्वास्थ्य, आर्थिक तथा अन्य समस्यालाई न्यूनीकरण गर्न परिवार नियोजन सेवालाई प्राथमिकतामा राखेर देशैभर सामान्य बनाइएको छ। जनताका लागि निःशुल्क र पहुँचयोग्य बनाइयो । सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन २०७५ ले गर्भमा रहेको भ्रूणको लैंगिक पहिचानबारे स्पष्ट पारेको छ । उक्त ऐनको धारा १७ को अनुच्छेद ४ को उपदफा १ मा गर्भमा रहेको भ्रूणको लिंग कसैले पनि निर्धारण गर्न वा निर्धारण नगर्ने भनिएको छ। यस कानुनअनुसार भ्रूणको लिंग निर्धारण गर्न सकिन्छ। यो स्पष्ट छ कि अल्ट्रासाउन्ड (भिडियो एक्स-रे) वा अन्य कुनै परीक्षण गर्न सकिँदैन । यस दफा १७ को उपदफा २ ले गर्भवती महिलालाई प्रलोभन वा जबरजस्ती गरी भ्रूणको लिंग निर्धारण गर्न नसकिने उल्लेख गरेको छ । उपदफा ३ ले लिंग निर्धारण गरेपछि गर्भपतन गर्न नहुने उल्लेख गरेको छ। देवानी अपराध (संहिता) ऐन, २०७४ को धारा १८८ र १८९, गर्भपतन विरुद्धको कसुरको धारा १३ ले लिंग पहिचान गर्ने गर्भपतनलाई अपराधको रूपमा परिभाषित गरेको छ। सजाय र जरिवानाको व्यवस्था गरिएको छ। लिंगका आधारमा भ्रुणको लिंग निर्धारण गर्नेलाई ३ महिनादेखि ६ महिनासम्म कैदको व्यवस्था गरिएको छ। लिंग छनोट गरी गर्भपतन गराउनेलाई थप एक वर्ष कैद हुने उल्लेख छ। कानुनले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भ्रूणको लिंग पहिचान गर्ने चिकित्सक र त्यसको आधारमा गर्भपतन सेवा प्रदान गर्ने चिकित्सकलाई कानुनी सजायको व्यवस्था गरेको देखिन्छ। तर किन दम्पतीहरू भ्रूणको लिंग पहिचान गर्न र गर्भपात गर्न बाध्य छन् ? समाज र कानुनले यसबारे सोच्न सकेको छैन । छोरी गर्भवती भएको कारणले आफ्नो लिंग पहिचान गरी गर्भपतन गराउने निर्णय गरेमा सामाजिक सन्तुलन कसरी कायम हुने ? छोरो जन्माउन महिलाले बारम्बार गर्भवती हुनुपर्ने तथ्यले महिला तथा बालबालिकाको शारीरिक र मानसिक स्वास्थ्यमा नकारात्मक असर पार्छ । यसले यौन हिंसा पनि बढाउँछ। लैंगिक पहिचान गर्भपतनका कारण भविष्यमा महिलाको संख्या घट्ने र जन्मदर र मृत्युदर असन्तुलित हुने देखिन्छ । त्यसैले गर्भमा रहेको भ्रूणको लिंग पहिचान गरी गर्भपतन गर्ने निर्णय गर्नु स्वास्थ्यभन्दा पनि सामाजिक मूल्य मान्यता र आर्थिक दायित्वको उपज हो । महिला सशक्तीकरण र महिला अधिकारको वकालत गर्ने आर्थिक रूपमा बलियो र जिम्मेवार दम्पतीहरू पनि छोरा को रहर मुक्त भइरहेको छैन। छोरीपछि छोरा जन्मनु संयोग हुन सक्दैन । तर छोराका लागि छोरीको भ्रूणहत्या जायज हुँदैन। भ्रूणको लिंग पहिचान गर्नबाट रोक्नुभन्दा त्यो अवस्था र बाध्यतालाई रोक्नु महत्वपूर्ण छ । लैंगिक समानताको विचारसँगै व्यवहार पनि हुन्छ, ठीक गर्न आवश्यक छ । छोरा जन्माउनुपर्छ भन्ने खराब संस्कृति र धारणाविरुद्ध सबै वर्ग सचेत र गम्भीर हुन आवश्यक छ। *–अन्नपूर्ण*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा

# कर्णालीमा भिरबाट लडेर चार सयभन्दा बढीको मृत्यु

■ नमस्ते समचारदाता
सुर्खेत, मंसिर/३०



कर्णालीमा घाँस काट्ने क्रममा वा आवतजावत गर्दा भिरबाट खसेर मृत्यु हुने र घाइते हुने घटना नौलो होइन । कर्णाली प्रदेश प्रहरीका अनुसार पछिल्लो १० वर्षमा (आर्थिक वर्ष २०७०/७१ देखि २०८०/८१ सम्म) कर्णालीका १० जिल्लाका ४ सय ४० जनाको भिरबाट लडेर मृत्यु भएको तथ्याङ्क छ । कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका अनुसार भिरबाट लडेर घाइते हुने, मृत्यु हुनेमध्ये अधिकांश घाँस काट्ने वा घाँस काटेर फर्किंदा भएका घटनाहरु छन् । कर्णालीमा विशेष गरी दैलेख, जाजरकोट, रुकुम, कालीकोट जस्ता पहाडी जिल्लाका बासिन्दा यस्ता घटनाहरुबाट बढी प्रभावित छन् । आव २०७१/७२ मा भिरबाट लडेर कर्णालीमा ३७ जनाको मृत्यु भएको थियो । २०७२/७३ मा ४८ जना, २०७३/७४ मा ४६ जना, २०७४/७५ मा ३२ जनाको भिरबाट लडेर मृत्यु भएको छ । यस्तै २०७५/७६ मा ३४ जना, २०७६/७७ मा ३९ जना र २०७७/७८ मा ४५ जनाको मृत्यु भएको तथ्याङ्क छ । प्रहरीका अनुसार २०७८/७९ मा ४४ जना, २०७९/८० मा ४८ जनाको मृत्यु भएको थियो भने २०८०/८१ मा सबैभन्दा बढी ६१ जनाको भिरबाट लडेर ज्यान गएको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता एवं सूचना अधिकारी नारायण डाँगीले जानकारी दिएका छन् । सल्यान जिल्लामा मात्रै १ सय १७ जना भिरबाट खसेर मृत्यु भएको कर्णाली प्रदेश प्रहरीको तथ्याङ्क छ । लडेर मृत्यु भएपछि शव परीक्षण गर्नुपर्ने, भवितव्य ज्यानसम्बन्धी मुद्दा दर्ता हुने, सनाखत मुचुल्का बनाउनुपर्ने झन्झटका कारण धेरैले प्रहरीलाई जानकारी नै नदिएर अन्तिम संस्कार गर्ने गरेको समेत प्रदेश प्रहरीले जनाएको छ । सम्बन्धित जिल्लाका स्थानीयहरुले कर्णाली प्रदेशमा भिरालो जमिनमा किसानले घाँस दाउरा गर्नुपर्ने बाध्यताका कारण ज्यान गुम्ने र घाइते भई अपाङ्गताको जीवन बाँच्नुपर्ने बाध्यता भएको भन्दै यसका लागि सचेतना अभियान चलाउनुपर्ने बताएका छन् । कर्णाली प्रदेशमा भिरबाट लडेर मृत्यु र घाइते हुने अधिकांश कृषक परिवारका सदस्य छन् । बालबालिकादेखि वयस्क सम्मका कृषक परिवारका नागरिक घाँस दाउरा काट्दा, गाईवस्तु चराउन जाँदा, वस्तुभाउ चराएर वा घाँस दाउरा बोकेर घर फर्किंदा भिरबाट लडेर ज्यानै जाने जोखिम छ । कृषकका लागि घाँस काट्नैपर्ने र वस्तु भाउ चराउनैपर्ने बाध्यता हुन्छ । जुन बाध्यताले कर्णालीका भिरको जोखिमलाई समेत ख्याल गर्दैनन् । राष्ट्रिय कृषि गणना-२०७८ को तथ्याङ्क केलाउँदा कर्णालीमा ३ लाख २ हजार ६ सय ४० कृषक परिवारले १ लाख १७ हजार ४ सय १० हेक्टर क्षेत्रफलमा खेती गर्दछन् । कर्णालीको ५७ प्रतिशत जमिन भिरालो रहेको बताइन्छ । भिरबाट लडेकाको उपचार पनि निकै महँगो छ । भिरबाट लडेकाको प्रायः ढाड, हातखुट्टा भाँच्चिने गरेका छन् । वीरेन्द्रनगरमा रहेको प्रदेश अस्पतालमा ढाड भाँचिएका बिरामीका लागि सरकारले १ लाख रुपियाँ दिने भएकाले भिरबाट लडेका अधिकांश बिरामी आउने गरेको प्रदेश अस्पताल सुर्खेतका हाडजोर्नी, नसा, बाथरोग विशेषज्ञ एवं ट्रमा सर्जन डा. शुभ श्रेष्ठ बताउछन् । उनले हाडजोर्नी विभागमा अधिकांश बिरामी रुख तथा भिरबाट लडेर ढाड भाँचिएर, खुट्टा तथा हात भाँचिएका बिरामी आउने गरेको बताउँदै दुर्गम जिल्लाका कृषक परिवारका व्यक्ति भिरबाट खसेर उपचारका लागि आउने गरेको बताए । सुर्खेत स्थित साइनिङ अस्पतालमा पनि मेरुदण्ड भाँचिएका बिरामीको उपचार हुने गरेको छ । राष्ट्रिय जनगणना -२०७८ अनुसार कर्णालीको कुल जनसंख्यामध्ये ३.१ प्रतिशत जनसंख्यामा कुनै न कुनै किसिमको अपाङ्गता छ । कुल अपाङ्गता भएकामध्ये सबैभन्दा धैरै ४५.४ प्रतिशतमा शारीरिक अपाङ्गता रहेको तथ्याङ्क छ । राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका प्रदेश वकालत अधिकृत जितलाल ढकालले यी मध्ये कति जना के कारणले अपाङ्गता भएको भन्ने तथ्याङ्क नभए पनि भिरबाट लडेर अपाङ्गता हुनेको संख्या पनि यसै भित्र पर्ने जानकारी गराए ।

## दशौँ...

२०८० मङ्सिर ८ गतेदेखि क्रिकेट मैदानको काम सुरु गरिएको थियो । उक्त क्रिकेट मैदान निर्माण सम्पन्न भई प्रयोगमा आइसकेको परिषद्का सदस्य सचिव सञ्ज्यालले बताएका हुन । यसैगरी वीरेन्द्रनगरमै अर्को क्रिकेट रङ्गशाला निर्माण भएको छ । चार करोड ५९ लाख लागतमा क्रिकेट मैदान निर्माणको काम भएको हो । वीरेन्द्रनगर नगरपालिकाको गुरुङचोक र चिसापानीमा फुटबल मैदान निर्माण तयार पारिएको छ । दैलेखमा कभर्डहल मर्मत गरिएको छ । उपभोक्ता समितिमार्फत मर्मतको काम गरिएको हो । यस्तै, रूकुमपश्चिममा पनि कभर्डहल मर्मतको काम सम्पन्न भएको छ । प्रतियोगिता लक्षित पूर्वाधार निर्माणका लागि कभर्डहल मर्मत गरिएको जिल्ला खेलकुद विकास समिति रूकुमपश्चिमले जनाएको छ । हुम्लामा हकी खेलमैदान निर्माण भएको छ । खेल मैदान निर्माणको काम तोकिएकै समयमा सकिएको जिल्ला खेलकुद विकास समिति हुम्लाले जनाएको छ । दशौँ राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गरी जुम्लामा पनि खेल पूर्वाधार निर्माण भएका छन् । जुम्लामा भलिबल खेल मैदान तथा प्याराफिट निर्माण गरिएको छ । अधिकांश स्थानका खेल पूर्वाधार बनिसकेको कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव सञ्ज्यालले बताए । रारामा कबयी खेल मैदान निर्माण सकिएको छ भने दैलेख र रूकुमपश्चिममा कर्भड हल मर्मत गरिएको, हुम्लामा हक्की खेल मैदान निर्माण, जाजरकोटको कुदुमा फुटबल खेलमैदान निर्माण सम्पन्न भएको उनको भनाइ छ । डोल्पाको दुनैमा कर्भड हल मर्मत गरिएको छ । जिल्ला-जिल्लामा खेल पूर्वाधार समेत तयारी अवस्थामा राखिएको उनले जानकारी गराए ।

# रोजगारीका लागि भारत जाने नेपालीको नाकामा लर्को

■ नमस्ते समचारदाता
नेपालगन्ज, मंसिर/३०



दसैं तिहार र छठ जस्ता महत्वपूर्ण चाडपर्व मनाउन स्वदेश आएका नेपालका अधिकांश पहाडी जिल्लाका युवाहरु रोजगारीका लागि फेरि भारत फर्किन थालेका छन् । दैनिक जसो नेपाल-भारत नाकामा उनीहरुको लर्को देखिन्छ । स्वदेशमा कुनै रोजगारी छैन । आफ्नो र परिवारको गुजारा लचाउन पनि भारतमै जानु पर्ने बाध्यता छ । स्वदेशमा कुनै रोजगारी नभएपछि फेरि एक पटक नेपाली युवाहरु रोजगारीका लागि भारतका विभिन्न सहर तर्फ जान थालेका छन् । कर्णाली र लुम्बिनी प्रदेशका पहाडी जिल्लाबाट हजारौं युवाहरु अहिले फेरि दैनिक रोजगारीका लागि भारत तर्फ गइरहेको नेपाल-भारत नाका जमुनाह प्रहरीले जानकारी गराएको छ । इलाका प्रहरी कार्यालय, जमुनाहाका प्रमुख प्रहरी निरीक्षक उपेन्द्र बुढाथोकीले चाडपर्व सकिएपछि फेरि दैनिक भारतजाने नेपालीको संख्या बढ्दै गएको बताए । बुढाथोकीले अहिले दैनिक तीन सयदेखि पाँच सयको हाराहारीमा नेपाली युवाहरु कामका लागि भारततर्फ गइरहेको बताए । नेपालगञ्ज नाका भएर भारत जानेहरुमा सबैभन्दा बढी पन्जाब, सिमला, अहमदाबाद, हरियाणा गुजरात लगायतका स्थानमा गइरहेको पाइएको जमुनाहा प्रहरी कार्यालयले जनाएको छ ।

# फुकोट-कर्णालीले फलफूलका बिरुवाको मुआब्जा वितरण गर्ने

■ नमस्ते समचारदाता
कालीकोट, मंसिर/३०

कालीकोटमा निर्माण हुन लागेको फुकोट-कर्णाली अर्धजलाशययुक्त जलविद्युत् आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई रुखबिरुवा तथा फलफूलका बोटबिरुवाको मुआब्जा वितरण गर्न लागेको छ । जिल्ला प्रशासन कार्यालयबाट सूचना प्रकाशन गरेर अधिग्रहण गरेको जग्गाभित्र पर्ने रुखबिरुवा तथा फलफूलका बोटबिरुवाको मुआब्जा वितरण गर्न लागिएको हो । प्रशासनले चरण चरणमा गरी २०७६ देखि जग्गाको लगत कट्टी गरेका जग्गाधनीलाई मुआब्जा वितरण गर्दै आएको छ । ४८० मेगावाटको फुकोट-कर्णाली अर्धजलाशययुक्त जलविद्युत् आयोजनाका लागि डुबान क्षेत्रमा पर्ने तथा अधिग्रहण गरिएका जग्गामा अवस्थित रुखबिरुवा तथा फलफूलका बोटबिरुवाको मुआब्जा वितरणको तयारी पूरा भएको प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईले जानकारी दिएका छन् । भट्टराईले भने, 'फुकोट-कर्णाली अर्धजलाशययुक्त जलविद्युत् आयोजना अन्तर्गत सान्नीत्रिवेणी गाउँपालिका-१, २, ३ र ४ एवं रास्कोट नगरपालिका-६, ७, ८ र ९ तथा पचालझरना गाउँपालिका-१, २, ८ र ९ भित्र आयोजनाले अधिग्रहण गरेको जग्गामा रहेका ठाउँमा रुखबिरुवा तथा फलफूलका बोटबिरुवाको मुआब्जा दिने प्रक्रिया सुरु भएको छ । जिल्ला क्षतिपूर्ति निर्धारण समितिबाट क्षतिपूर्तिको निर्णय भएबमोजिम जग्गाधनीलाई मुआब्जा दिने प्रक्रिया सुरु भएको छ ।' जलविद्युत् आयोजनाको प्रभावित क्षेत्रमा पर्ने सान्नी त्रिवेणी गाउँपालिका, रास्कोट नगरपालिका र पचालझरना गाउँपालिकाका ३ सय १३ जग्गाधनीले रुखबिरुवा तथा फलफूलका बोटबिरुवाको मुआब्जा पाउने फुकोट-कर्णाली जलविद्यत् आयोजनाले जनाएको छ । आयोजनाले अधिग्रहण गरेका जग्गामा रहेका ठाउँमा रुखबिरुवा तथा फलफूलका बोटबिरुवाको मुआब्जाका लागि करिब २ करोड ५० लाख विनियोजन गरिएको आयोजना प्रमुख डम्मर उप्रेतीले बताए । उप्रेतीले भने, 'अहिले हामीले मुआब्जाका लागि निवेदन सङ्कलन गर्ने काम गरिरहेका छौं । यही मङ्सिर २७ गतेदेखि परेका निवेदनमा छलफल गरेर मुआब्जा वितरणको काम हुन्छ ।' मुआब्जा वितरणको काम चार वर्षदेखि भइरहेको र अधिकांश जग्गाको मुआब्जा वितरण सकिएको आयोजना प्रमुख उप्रेतीले जानकारी दिए । "फुकोट हाइड्रोले सिस्नेगडा ड्याम साइडदेखि डुबान क्षेत्र भुराबगरसम्मको १ हजार २० रोपनी जग्गाको मुआब्जाका लागि लागत अनुमान ५५ करोड रुपियाँमध्ये हालसम्म ५० करोड रकम वितरण भइसकेको उप्रेतीले जानकारी गराएका छन् । घरटहराका लागि विनियोजित १३ करोड रुपियाँ रहेको आयोजनाले जनाएको छ । रास्कोट नगरपालिका, सान्नीत्रिवेणी गाउँपालिका, पचालझरना गाउँपालिका र केही खाँडाचक्र नगरपालिकाको केही भूभाग प्रभावित हुने छ । आयोजनाको ६ किमी मुख्य टनेलमार्फत पावर हाउसमा पानी खसालिने छ । आयोजनाबाट वार्षिक २ हजार ४ सय ५५ गिगावाट आवर ऊर्जा उत्पादन गरिने लक्ष्य रहेको आयोजनाले जनाएको छ ।

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

विषादीको प्रयोगबाट बचौं र बचाऔं
- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नैपर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफूल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विष मुक्त नभएसम्म विक्रि वितरण नगरौं,
- विषादीको प्रयोग भएका फलफूल तथा तरकारीले क्यान्सरलगायतका रोगहरू लाग्न सक्छ,
- विषादीको प्रयोगले जनस्वास्थयमा गम्भिर असर पर्न सक्छ,

त्यसैले विषादीको प्रयोगमा सचेत बनौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

# सुदुरपश्चिमका मुख्यमन्त्रीको एक महिनाको पारिश्रमिक विद्यालयलाई

नमस्ते समचारदाता
धनगढी, मंसिर/ ३०



सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले आफ्नो एक महिनाको पारिश्रमिक आफू पढेको विद्यालय वीरेन्द्र विद्या मन्दिरको स्वर्ण महोत्सवलाई दिने घोषणा गरेका छन् । मुख्यमन्त्री शाहले भने, 'म पढेको विद्यालयको स्वर्ण महोत्सवमा एक महिनाको पारिश्रमिक दिन्छु । देश विदेशमा रहेका, पेशा व्यवसायमा रहेका, सरकारी निकायमा बसेका पूर्व विद्यार्थीले थोरथोरै सहयोग गरे ठुलो सहयोग जुट्छ । आवश्यक सहयोग प्रदेश सरकारले पनि गर्छ ।' आइतबार वीरेन्द्र विद्या मन्दिर टीकापुरको स्वर्ण महोत्सवको अवसरमा निर्माण गरिन लागेको स्वर्ण महोत्सव स्तम्भको शिलान्यास गर्दै मुख्यमन्त्री शाहले यस्तो धारणा व्यक्त गरेका हुन । मुख्यमन्त्री शाहले बझाङमा स्थापना भएको सत्यवती मावि र टीकापुरमा स्थापना भएको वीरेन्द्र विद्या मन्दिर सुदूरपश्चिमको शैक्षिक धरोहर भएको समेत बताए। विद्यालयको नामले नै शैक्षिक नगरी भनेर चिनिएको टीकापुरलाई स्थापित गर्न सुदूरपश्चिम प्रदेश सरकारले टीकापुरमा प्राविधिक विश्वविद्यालय स्थापना गर्न लागेको पनि मुख्यमन्त्री शाहले जानकारी गराए । सुदूरपश्चिम प्रदेश सरकारका उद्योग पर्यटन वन तथा वातावरणमन्त्री लक्ष्मणकिशोर चौधरीले ५० वर्षअघि स्थापना भएको विद्यालयले देशका लागि धेरै कर्मचारी, नेताहरु जन्माएको र सुदूरपश्चिममा मात्र मुख्यमन्त्री, एक जना मन्त्री र दुई जना बहालवाला सदस्य विद्यालयका पूर्व विद्यार्थी रहेको विवरण सुनाए । आफू पूर्व विद्यार्थी, खेलाडी, कलाकार हुँदै मन्त्री भएको, तर विद्यालयका भौतिक संरचना जिर्णोद्धार गर्नुपर्ने अवस्थामा पुगेकाले टीकापुरमा शैक्षिक लगानी गरी शैक्षिक पर्यटकीय केन्द्रको रूपमा विकास गरिने बताए। स्नातकोत्तर सम्मको पढाइ हुने वीरेन्द्र विद्या मन्दिरको स्वर्ण महोत्सव २०८१ फागुन ९ गतेदेखि ११ गतेसम्म टीकापुरमा हुने र राष्ट्रपति रामचन्द्र पौडेल महोत्सवमा सहभागी हुने कार्यक्रम तय भएको छ । स्वर्ण महोत्सवमा एक महिनाको पारिश्रमिक दिनु भएकोमा मुख्यमन्त्री र शिलान्यास कार्यक्रममा सहभागी हुनु भएकोमा उद्योग पर्यटनमन्त्री चौधरीलाई महोत्सव आयोजक समितिका सदस्य लोकबहादुर खड्काले धन्यवाद व्यक्त गरेका थिए।

# सहकारीमा गलत कार्यको अनुसरणले समस्या देखिएको हो



नमस्ते समचारदाता
कैलाली, मंसिर/ ३०

संघिय सरकारका भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले गलत कार्यको अनुसरणले सहकारीमा समस्या आएको बताएका छन् । नवजीवन सहकारी लिमिटेडको वार्षिकोत्सव तथा कृषि उपज आयोजनाको आइतबार कैलालीको मजगाउँमा उद्घाटन गर्दै मन्त्री अधिकारीले सहकारीमा लक्ष्य, उद्देश्य विपरीतको काम गर्ने परिपाटीको विकास भएको कारण विभिन्न समस्याहरु देखिएको बताए । मन्त्री अधिकारीले जनताको रकम ठग्ने सहकारीलाई नियन्त्रण गर्न जरुरी रहेको भन्दै त्यसकारण सहकारीको नयाँ दर्ता रोकिएको जानकारी समेत गराए । सानो मुलुकमा ३१ हजार ४सय सहकारी धेरै रहेको बताउँदै मन्त्री अधिकारीले सहकारी मर्जको कुरा अगाडि बढाइएको उल्लेख गरे । उनकले सहकारी सञ्चालकहरुलाई कर्तव्य र अनुशासनमा ध्यान दिन आग्रह गर्नुभएको छ। समेत गरे । सहकारी ऐन २०७४ बनाउँदा केही कुराहरु राख्न नसकिएको भन्दै मन्त्रीले इमानदारिता भएमा केही ऐन नियम नचाहिने उल्लेख गर्दै भने, 'इमानदारी भएमा केही नियम चाहिँदैन, नियम उलङ्घन गर्ने हो भने जति ऐन बनाए पनि हुँदैन ।' त्यसैगरी मन्त्री अधिकारीले नमिलेका सम्पूर्ण ऐनलाई सच्याएर एक पटक भूमिसम्बन्धी सबै समस्याको समाधान गर्न जरुरी रहेको र सरकार त्यस कार्यमा अगाडि बढेको औंल्याए । केन्द्रमा भूमि सम्बन्धी समस्या समाधान आयोग बनिसकेको उल्लेख गर्दै मन्त्री अधिकारीले १५/२० दिनभित्र जिल्लामा पनि आयोग बन्ने जानकारी गराए । आयोगले भूमिहीन, सुकुम्बासी, दलित, अव्यवस्थितको मात्रै नभई जग्गाको सबै समस्या हल गर्ने मन्त्रीको भनाइ छ । मान्छेहरु पहिले देखि नै जहाँ बसेका त्यहाँ जग्गा दिने गरी भूमि, सुधार मन्त्रालय अगाडि बढेको उल्लेख गरे । सङ्घीय सरकारले स्थानीय तहलाई गरिब पहिचान र जग्गाको वर्गीकरण गर्ने अधिकार दिएको भन्दै मन्त्री अधिकारीले अगाडि थपे, 'दुवै काम स्थानीय तहबाट प्रभावकारी भएको छैन । ७५३ स्थानीय तहमध्ये ९६ पालिकाले मात्रै कामचलाउ वर्गीकरण गरेर पठाएका छन् । स्थानीय तहले जग्गाको वर्गीकरण नगरेकै कारण विगतमा जग्गाको कित्ताकाट रोकिएको मन्त्री अधिकारीको भनाइ छ । उनले यसवर्ष वर्गीकरण नगरे फेरि कित्ताकाट रोकिन सक्ने उल्लेख गरे।

# बाँकेका विद्यालयमा जलवायु सम्बन्धी कार्यक्रम प्रभावकारी बन्दै

नमस्ते समचारदाता
कोहलपुर, मंसिर/ ३०



जिल्ला समन्वय समिति बाँकेका प्रमुख ज्ञानेन्द्र कुमार चौधरीले मानिसको स्वास्थ्यसँग जोडिएको जलवायुका विषयमा चलेको कार्यक्रम प्रभावकारी र आवश्यक रहेको बताएका छन् । बाँकेको बैजनाथ गाउँपालिका अन्तर्गतका विद्यालयमा जलवायु न्याय क्लबमा आबद्ध बालिकाहरूको क्षमता मापन तथा कार्यक्रमको अनुगमन गर्न पुगेका चौधरीले कार्यक्रममा सो धारणा राखेका हुन । अनुगमनको क्रममा बालिका र शिक्षकहरूसँगको छलफल पश्चात् कार्यक्रम प्रभावकारी भएको पाइएको भन्दै कार्यक्रमको निरन्तरताका लागि स्थानीय सरकार र अन्य सरोकार वालाहरुले योजना बनाउनु पर्ने सुझाव समेत चौधरीले दिए । उनले कार्यक्रमको निरन्तरताका लागि जिल्ला समन्वय समितिले आवश्यक पर्ने भूमिका आफूले निर्वाह गर्ने प्रतिबद्धता समेत व्यक्त गरे। रुम टु रिडको आर्थिक तथा प्राविधिक सहयोगमा बास नेपालद्वारा गरिएको अनुगमनमा बोल्दै शिक्षा समन्वय इकाईका प्रमुख राम सुरेश यादवले अनुगमनको क्रममा बालिकामा आएको परिवर्तन हेर्दा कार्यक्रमलाई थप विस्तार गर्दै लैजानुपर्ने आवश्यकता रहेको औंल्याए । कार्यक्रममा बोल्दै बैजनाथ गाउँपालिकाकी उपाध्यक्ष निर्मला रोकायाले कार्यक्रमले बालिकामा आएको परिवर्तनले आफूहरुलाई ऊर्जा दिएको बताउँदै कार्यक्रमको निरन्तरताका लागि पालिकाले आवश्यक योजना निर्माण गर्ने प्रतिबद्धता गरेकी थिइन् । अनुगमनमा जिल्ला समन्वय समिति प्रमुख ज्ञानेन्द्र कुमार चौधरी, उपप्रमुख सिता कार्की, जिल्ला समन्वय अधिकारी बिक्रम प्रसाद पाण्डे, प्रवक्ता शान्ता कुमार थारु, शिक्षा समन्वय इकाई प्रमुख राम सुरेश यादव, बैजनाथ गाउँपालिकाका उपाध्यक्ष निर्मला रोकाया, वडा नम्बर ५ का अध्यक्ष देब बहादुर रावत, गैर सरकारी संस्था महासङ्घ बाँकेका अध्यक्ष चन्द्र प्रसाद तिमिल्सिना, सचिव रमेश सिटौला, रुम टु रिडका सिनियर फिल्ड कार्यक्रम मेनेजर खड्ग बहादुर कुँवर, बासका केन्द्रीय उपाध्यक्ष शिव कुमार बर्मा लगायतको उपस्थिति रहेको थियो ।

# गलैंचा, मुढा बेचेको रकम घर पठाउँदै कैदीबन्दी



नमस्ते समचारदाता
दाङ, मंसिर/ ३०

घोराही स्थित कारागारमा रहेका कैदीबन्दीले गलैंचा, मुढा बनाएर आयआजर्न गर्दै आएका छन् । उनीहरुले आर्जन गरेको केही पैसा परिवारलाई घरखर्च समेत पठाउने गरेका छन् । घोराही कारागारका प्रमुख लक्ष्मणसिंह राठौरका अनुसार एक जना बन्दीले एउटा गलैंचा बुने वापत रु ५ सय देखि ८ सय र मुढा बनाएर मासिक रु ४ सय देखि ५ हजार सम्म आम्दानी गर्ने गरेका छन् । उनीहरूले माछामार्ने जाल, ढकी, खेलौना लगायत सामग्री बनाउने गरेका छन् । घरेलु तथा साना उद्योग कार्यालयबाट गलैंचा बुन्न ४५ दिने तालिम लिएका बन्दीले तयार पारेका गलैंचा उनीहरुलाई भेट्न आउने आफन्ती तथा अन्यले खरिद गर्ने गरेका छन् । घरेलुले पनि बिक्रीको व्यवस्था गरेको छ । साथै उक्त कार्यालयले सीप सिक्न चाहनेलाई तालिमको व्यवस्था पनि गर्दै आएको छ । घोराही कारागारका कार्यालय प्रमुख राठोरले भने, 'उत्पादित सामग्रीको किनबेचको व्यवस्था यहीँबाट मिलाइन्छ । भेट्न आउने आफन्त तथा अन्यले किन्ने गरेका छन् । हरेक आइतबार, मङ्गलबार र बिहीबार कारागार बाहिर 'स्टल' नै राखेर बिक्रीको व्यवस्था मिलाइएको छ । एक सय जना क्षमताको कारागार मा हाल चार सय १५ जना बन्दी छन् ।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके